# विश्व न्याय गृह

रिज्वान २००४

विश्वभरका बहाईहरूका लागि

अति प्रिय मित्रहरू,

पाँच वर्षे योजनाका तीन वर्ष बितेका छन् । चार वर्षे योजनामा शुरु गरिएका प्रकृयाहरूले बाह्र महिने योजनामा विशेष ध्यान दिइएको केटाकेटीको बहाई शिक्षाबाट बल प्राप्त गरेर तथा यी बितेका केही वर्षका अथक प्रयासबाट निरन्तरता दिइएको कारण जुन उत्कट आकाँक्षा सहित शुरु गरिएको थियो ती अब प्राप्त हुन थालेको छ । संसारका प्रत्येक भागमा योजनाका तीन मुख्य सहभागी-व्यक्ति, समुदाय र संस्थाहरूले आफ्नो विशिष्ट भूमिका खेलेर एक अर्काका क्रियाकलापहरूलाई बल दिइरहेको छन् । अध्ययन समूह, बालकक्षा र भक्तिभाव कार्यक्रम जस्ता प्रमुख क्रियाकलापहरू आवश्यक एक अर्काका उपलब्धीहरूलाई विस्तार गर्ने पक्ष बनेर बहाई सामुदायिक जीवनका अरू सबै तत्वहरूलाई बढी जोश र सफलता प्राप्त गर्न सक्ने भएका छन् । मानव श्रोतहरू बढेका छन्, र यो बढ्दो जोशले पैदा गरेका ताजा मागहरूलाई स्थानीय आध्यात्मिक सभाहरूले पुरा गर्दैछन् ।

केटाकेटीको बहाई शिक्षाका लागि विकास गरिएको क्षमता विश्वभरि नै अति प्रभावशाली सिद्ध भएको छ । कनिष्ट युवाको आध्यात्मिक सशक्तीकरणका प्रारम्भिक प्रयासहरू सफल बन्दैछन् । आफ्ना क्रियाकलापहरू स्तर अनुसार एक तहबाट माथिल्लो तहमा पुग्ने विभिन्न क्लष्टरहरूको गति नियन्त्रणमा छ र यो प्रकृया अघि बढने क्रममा भक्तजनहरूको समाजमा बहाई बनिसकेका झन् ठूलो जन समूहले, योजनाका प्रमुख क्रियाकलापहरूमा उत्साहका साथ संलग्न भएका छन् । केही विकसित क्लष्टरहरूमा सघन वृद्धिका कार्यक्रम संचालन गर्नका लागि आवश्यक पूर्वाधारहरू बनेको देखिन थालिसकेको छ । आफ्ना देशका क्लष्टरहरूमा आवश्यकताहरू पुरा गर्ने सिलसिलामा राष्ट्रिय आध्यात्मिक सभाहरूले विशेष क्षमता भएका क्लष्टरहरूलाई प्राथमिकता दिनुपर्ने आवश्यकतालाई बुझिसकेका छन् र यिनीहरूलाई प्रोत्साहन दिने र विकास गर्ने काम गर्न सकेमा तालिम प्रतिष्ठानका कार्यक्रमहरूको माध्यमबाट आवश्यक मानव संसाधन तयार पारी ती प्रतिष्ठानलाई तिब्र र स्थायी विकासको केन्द्र बनाउन पर्नेछ ।

अपेक्षा गरे अनुसार तालिम प्रतिष्ठान विकासको यन्त्र बन्न गएको छ । आफ्ना समुदायहरूका संभावना तथा आवश्यकताहरूको मूल्यांकन गर्दै धेरै जसो राष्ट्रिय आध्यात्मिक सभाहरूले रुही प्रतिष्ठानले तयार पारेका साम्रगीहरू योजनाका आवश्यकता अनुकुल ठानी प्रयोग गर्न थालेका छन् । यसबाट अर्को के फाइदा भएको छ भने उही साम्रगी धेरै भाषाहरूमा अनुवाद भएको छ र जब कुनै बहाई एक ठाउँबाट अर्को ठाउँमा जान्छ उसले अरू साथीहरूलाई उही बाटोमा हिंडिरहेको र उही पुस्तक तथा कार्यविधि अपनाएको पाउँछ ।

विभिन्न सिद्धान्त तथा स्वार्थहरूले विभाजित भएको अन्तर्राष्ट्रिय समाजलाई बढ्दो आतंकबाद अराजकता र भष्टाचारले अस्तव्यस्त बनाएको छ र अर्थतन्त्रको गिरावट, गरिबी र रोग व्याधिले झन शिथिल पारेको छ । यसैबीच दिव्य दृष्टिबाट प्रेरणा प्राप्त गर्दै, बलियो जगमा निर्माण गर्दै, स्थापित भैसकेका प्रकृयाहरूद्वारा बलियो बन्दै र देखिएका बाधा अड्चनबाट विचलित नभै यस अस्तव्यस्ताको बीचमा बहाई समुदाय भने झन् झन् प्रष्ट देखिन थालेको छ । उदाहरणको रुपमा अप्रत्यासित परिस्थितिको सामना गर्ने बहाईहरूको क्षमता छ भन्ने कुरा

एक वर्ष अघि सबैले देखे, जब धेरै किसिमका खतराहरूको कारण अन्तर्राष्ट्रिय बहाई महाधिवेशनलाई रद्द गर्नु पर्‍यो; विश्व न्याय गृहको चुनाव सकुशल सम्पन्न भयो र अचुक रुपमा योजना अघि बढ्यो । साथसाथै इराकमा भैरहेको अस्तव्यस्तताको बाबजुद त्यहाँका बहाईहरूसँग सर्म्पक स्थापना गर्न सकियो र उनीहरूका स्थानीय आध्यात्मिक सभाहरू फेरि गठन गरियो र अहिले हामी सहर्ष यो घोषणा गर्दछौ कि यस रिज्वानमा तीस वर्ष भन्दा बढीको निर्मम अत्याचार पछि इराकका बहाईहरूको राष्ट्रिय आध्यात्मिक सभा गठन हुँदैछ र यसले बहाई अन्तर्राष्ट्रिय समुदायमा आफ्नो यथोचित स्थान ग्रहण गर्नेछ ।

आजको अवस्थामा हाम्रो दैवी योजनाले यो अपेक्षा गरेको छ कि हामीले मानव समाजलाई तहसनहस पारिरहेका आँधीवेरीबाट विचलित नभै पूर्ण विश्वास तथा सकृयताका साथ निर्धारित दिशामा अघि बढ्नु पर्छ । निश्चिन्त रहनोस् कि बरद सौन्र्दयले मार्गदर्शन गर्ने छन् र उनको धर्मको प्रगतिको लागि सर्वोच्च सैन्यका  जमातले तंपाइको प्रत्येक पाइलालाई बल दिने छन् ।

विश्व न्याय गृह